प्रदेश सरकार

प्रदेश नं ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## वुटवल, नेपाल

सचिव बैठक नं: ३२

बैठक मितिः २०७६/३/१५

उपस्थिती

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री तारा प्रसाद भट्टराई | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री धनन्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री बैकुण्ठ अधिकारी | सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री जनार्दन पौडेल | नि.सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री टिकाराम अर्याल | नि. सचिव | सामाजिक विकास मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षता र माननीय मन्त्रीज्यूहरुको सहभागितामा प्रदेश विकास समस्या समाधान समिति (PDAC) को वैठक चालू आ.व २०७५/७६ को बार्षिक प्रगति समिक्षा गर्नका लागि आगामी साउन १२, १३ र १४ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा संचालन गर्ने । यसका निमित्त प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ मा तोकिएको ढाँचा सहित भौतिक प्रगति, वित्तीय प्रगति, प्रमुख उपलब्धी र प्रतिफल सूचक समेतको प्रगति प्रतिवेदन र कार्यान्वयनमा देखिएका समस्याहरु समेत खुल्ने विवरण तयार गर्ने । सो अगावै

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. ५ बुटवल

सवै मन्त्रालयले आफ्नो प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (PMDAC) बैठक आयोजना गरी समिक्षा कार्यक्रम सम्पन्न गर्ने ।

२. आगामी आ.व. २०७६/७७ को नीति कार्यक्रम तथा बजेटमा रहेका मन्त्रालय अन्तर्गतका आयोजना वा कार्यक्रमको बार्षिक तथा चौमासिक लक्ष्य, कार्यान्वयन अवधि, अनुगमन सूचक र जिम्मेवार निकाय सहितको कार्ययोजना २०७६ असार मसान्तभित्रै तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।सो कार्ययोजना उपरको छलफल २०७६ साउन २ र ३ गते माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्व र माननीय मन्त्रीज्यूहरुको उपस्थिति हुनेगरी आयोजना गर्ने ।

३. कानून निर्माण सम्वन्धमा देहायबमोजिम गर्ने।

क. आगामी आ. व. को नीति कार्यक्रम तथा बजेट कार्यान्वियनका क्रममा मन्त्रालयस्तरबाट विद्यमान ऐन, नियम, कार्यविधि संशोधन गर्नुपर्ने वा प्रदेश सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने वा थप ऐन कानून वनाउनु पर्ने भए एकिन गरी तुरुन्तै शुरु गर्ने ।

ख. ऐन नियमहरु निर्माणका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून हेर्ने सचिवको संयोजकत्वमा सम्वन्धित मन्त्रालयका सचिव सदस्य रहने एक समिति गठन गर्ने । उक्त समितिले प्रत्येक मन्त्रालयबाट निर्माण गर्नुपर्ने कानूनका सम्वन्धमा सहजीकरण गर्ने ।

ग. आगामी आ.व.को नीति कार्यक्रम तथा वजेटमा उल्लेख भएका ऐन नियमहरु र प्रदेश सभाबाट पारित भइसकेका ऐनहरु कार्यान्वयन गर्न आवश्यक नियमावली, कार्यविधि वा निर्देशिकाहरु सम्वन्धित मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयका कानून हेर्ने रा. प. द्धितीय वा तृतीय श्रेणीका अधिकृत सहभागी रहने समिति गठन गरी पूर्व निर्णय वमोजिम तर्जुमा गर्ने ।

घ. सूचना प्रविधि वोर्ड स्थापना, वजार अनुगमन सम्वन्धी कानूनी व्यवस्था, प्रतिस्पर्धा ऐन तथा प्रदेश प्रशिक्षण केन्द्र संचालन नियमावली लगायत विषयहरुका कानून असार मसान्त भित्रै तर्जुमा गर्ने ।

०७६/३/१२

प्रमुख सचिव

सादर अवगतार्थ

माननीय मुख्यमन्त्रीज्यू ।

माननीय मन्त्रीज्यूहरु ।